# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, फागुन १५ गते २०५७ साल (अतिरिक्ताङ्क ६० (क)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जनवादी गणतन्त्र चीनको राजकीय भ्रमणमा सवारी होइबक्सनु अघि देशवासीका नाममा २०५७ फागुन १५ गते बक्सेको सन्देश

प्यारा देशवासीहरु,

जनवादी गणतन्त्र चीनका महामहिम राष्ट्रपति जियाङ जमिनको निमन्त्रणामा चीनको राजकीय भ्रमणको लागि आज हामी त्यसतर्फ जाँदैछौं ।

चीनमा रहँदा राष्ट्रपति जियाङ जमिनका साथै अन्य चीनियाँ नेताहरूसँग हुने बिचारको आदान-प्रदानबाट हाम्रा दुई देशबीच रहिआएको सौहार्दपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउन सहयोग मिल्ने छ भन्ने हामीले बिश्वास लिएका छौं ।

यस अवसरमा बेइजिङ्गका अतिरिक्त हाईनान तथा शाङघाईको पनि भ्रमण गर्नेछौं । हाईनान प्रान्तमा हामीबाट चीन सरकारको निमन्त्रणामा त्यहाँको बोआ शहरमा स्थापना हुने फोरम फर एशियाको सम्‍उद्घाटन समारोहमा भाग लिने छौं ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9059

यस भ्रमणबाट हामीलाई चीनले हालैका वर्षहरूमा हासिल गरेका उपलब्धिहरूबारे जानकारी लिने अवसर पनि प्राप्त हुनेछ ।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यका लागि हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेवको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं । आशा छ, आफ्नो कर्तव्यप्रति सजग रही समस्त देशवासीहरूले नेपाल र नेपालीको हितका लागि सदा झैं आ-आफ्नो क्षेत्रबाट सहयोग गरी नै रहनेछन् ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9052